घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जोमसोम, मुस्ताङ

गण्डकी प्रदेश, नेपाल

पत्र सख्या:२०८०/०८१
चलानी नं. ९१९

मिति :- २०८०/१२/१३

## विषय :- सूचना प्रचार प्रसार गरिदिने सम्बन्धमा ।

श्री वडा कार्यालयहरु (५ वटै),
घरपझोङ गाउँपालिका, मुस्ताङ ।

प्रस्तुत विषयमा यस घरपझोङ गाउँसभाको १३औं अधिवेशनबाट पारित भई मिति २०८०।१२।१३ गते प्रकाशित पूराना घर तथा भवनहरुको अभिलेख व्यवस्थापन गर्ने सम्बन्धी सूचनाको पाना-१ यसै पत्र साथ संलग्न राखी पठाईएको छ । उक्त सूचना तहाँ वडामा सबैले सूचना प्राप्त गर्ने गरी व्यापक रुपमा प्रचार प्रसार गरिदिनु हुन अनुरोध छ ।

८०।१२।१३

वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

घरपझोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

पत्र सख्या:२०८०/०८१
चलानी नं.

मिति : २०८०/१२/१३

## सूचना सूचना सूचना

### पूराना घर तथा भवनहरुको अभिलेख व्यवस्थापन गर्ने सम्बन्धी सूचना ।

घरपझोङ गाउँपालिका भित्र निर्माण भएका घर तथा भवनहरुको नक्सापास एवंम अभिलेखिकरणलाई व्यवस्थित गर्ने उद्देश्यका साथ घरपझोङ गाउँपालिका क्षेत्र भित्र यस अघि भवन संहिता, २०७२ लागु हुनु पूर्व निर्मित घर तथा भवनहरु र भवन संहिता, २०७२ लागु भए पश्चात तत्कालिन प्रचलित कानून बमोजिम नक्सापास गर्नु पर्नेमा नक्सापास नगरी वा पास भएको नक्सामा स्वीकृति बेगर हेरफेर गरी वा मापदण्ड विपरित बनाईएका घर तथा भवनहरुको अभिलेखिकरण गर्ने प्रयोजनका लागि तयार भएको घरपझोङ गाउँपालिकामा रहेका पूराना घर तथा भवनहरुको अभिलेख व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७७ बमोजिम पहिलो पटक मिति २०७७।०८।२१ गते अभिलेखिकरणको लागि सूचना प्रकाशित भएको समयावधिमा छुट हुन गएका घरका धनीहरुका लागि पून: मिति २०८१ असोज मसान्त सम्म घर, भवन अभिलेखिकरण गर्नको लागि सूचना प्रकाशन गर्ने भन्ने घरपझोङ गाउँसभाको तेन्हौं बैठकमा निर्णय भएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै तोकिएको समय भित्र तपसिलमा उल्लिखित कागजातहरु संलग्न राखी आफ्नो पूराना घर तथा भवनहरुको अभिलेखिकरण गरी अभिलेखिकरण कार्यमा सहयोग पुऱ्याउनु हुन सबैमा अनुरोध छ ।

**तपसिल :-**

१) जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि
२) चालु आ.ब. को मालपोत कर तिरेको रसिदको प्रतिलिपि
३) जग्गाधनी तथा घरधनीको नागरिकताको प्रतिलिपि
४) कित्ता नं. स्पष्ट भएको नापीको प्रमाणित नापी नक्सा
५) पास गरिने घरको As built drawings (दर्तावाला कन्सलटेन्सी ईन्जिनियर र नक्सावालाको हस्ताक्षर सहित) ३ प्रति
६) कन्सल्टेन्सीको प्रमाण पत्रहरु (दर्ता, करचुक्ता, आदि)
७) मन्जुरीनामा लिई गर्ने भए सम्बन्धित वडा अध्यक्ष वा सदस्यको रोहवरमा गरिएको मन्जुरीनामा पत्र
८) As built drawings मा साईट प्लान, लोकेसन प्लान, ईलिभेसन, भऱ्याङ भए भऱ्याङबाट नभए कुनै ठाउँबाट काटिएको क्रस सेक्सन, सेप्टी टंकी स्पष्ट देखिने नक्सा हुनु पर्नेछ ।
९) Structural drawings र structural report आवश्यकता अनुसार ।
१०) चारै तर्फबाट खिचिएको बाटो देखिने रंगिन फोटो, घरधनीको पासपोर्ट साईजको फोटो ३ प्रति ।
११) भवन निर्माण सम्पन्न भएको मिति तोकिएको वडाको सिफारिस ।

०८०।१२।१३
वेदहरि अधिकारी
**प्रमुख प्रशासकीय अधिकृत**


फोन नं. ०६९-४४००१६, email: gharapjhongrmunicpality@gmail.com, website: www.gharapjhongmun.gov.np